

# १० नर्कका आगोहरु

***यस अध्यायका मूल पदहरू:*** **मर्कूस ९:४२-४८, मलाकी ४:१, यहूदा ७, १ तिमोथी २:५, प्रेरित २:२९,३४,३५ र १ यूहन्ना ५:३-१२।**

***यस अध्यायको मूल सार पदः*** **"सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ़ रहो।" १ थेस्सोलिनिकी ५:२१।**

इटालीका प्रख्यात कवि डाँटे अलिघिरीले (१२६५-१३२१) एउटा प्रख्यात काब्य *द डिभाइन कमेडी* लेखेका थिए। त्यो काल्पनिक कथामा मानिस मरेपछि कहाँ जान्छ भनेर उल्लेख गरेका थिए। त्यस पुस्तकमा मानिस मरेपछि कि त इन्फर्नो वा भतभती जलिरहेको नर्कमा वा परगेटोरी अर्थात् पिशाच क्षेत्रमा मानिसको आत्मा जान्छ। त्यहाँबाट शुद्धि भएर स्वर्गमा जान योग्य ठहरिन्छ। त्यो मानिस परमेश्वरको उपस्थितिमा रहन्छ।

त्यो केवल काब्य वा कवितामात्र थियो। त्यो पनि काल्पनिक जसमा कुनै सत्यता थिएन। यद्यपि, उनको त्यो काव्यले इसाई क्षेत्रमा ठूलो प्रभाव पारेको छ। विशेष गरेर रोमन क्याथोलिक चर्चको शिक्षामा त्यो काव्यलाई यथार्थ वा वास्तविक भनेर नै सिकाउँदछ। मानिस मरेपछि उसको आत्मा कि त नर्कमा, कि त पिशाच क्षेत्रमा कि त स्वर्गमा जान्छ भन्ने त्यस चर्चको शिक्षाको आधारभूत जग नै हो। धेरै सुधारवादी वा प्रोटेस्टेन्ट इसाई सम्प्रदायले पनि मानिस मरेपछि उसको आत्मा, हंस वा प्राण कि त स्वर्गमा कि त नर्कमा जान्छ भनेर सिकाउँदछ। यदि आत्मा अमर छ भनेर कुनै इसाई वा कुनै पनि धर्मले सिकाउँदछ भने मानिस मरेपछि उसको आत्मा वा हंस कहीँ न कहीँ जानुपर्ने हुन्छ। छोटकरीमा भन्ने हो भने, बाइबलभन्दा बाहिरको यो गलत शिक्षाले भयानक धार्मिक भूलहरू गर्न उक्साएको छ।

यस अध्यायमा बाइबलले समर्थन नगरेका ती शिक्षाहरूलाई हेर्नेछौं, साथै मृत्युपछि के हुन्छ भनेर बाइबलले सिकाएको शिक्षालाई हामीले हेर्नेछौं।

## १. कहिल्यै नमर्ने किराहरू?

मर्कूस ९:४२-४८सँग यशैया ६६:२४ तुलना गर्नुहोस्। किरा कहिल्यै मर्दैन भनेर भन्नुको अर्थ तपाईंले के बुझ्नुहुन्छ? "४२ "जसले ममाथि विश्‍वास गर्ने यी सानाहरूमध्ये एक जनालाई बाधा देला, त्यसको निम्ति त बरु एउटा ठूलो जाँतोको ढुङ्गा त्यसको घिच्रोमा झुण्ड्याएर त्यसलाई समुद्रमा फालिदिनु असल हुनेथियो। ४३ यदि तिम्रो हातले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ। दुई हात भएर नरकको ननिभ्‍ने आगोमा जानुभन्दा डुँड़ो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो। [४४ नरकमा त न कीराहरू मर्दछन्, न आगो नै निभ्दछ।] ४५ अनि तिम्रो खुट्टाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ। दुई खुट्टा भएर नरकमा फालिनुभन्दा त खोरन्डो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो। [४६ नरकमा न कीराहरू मर्दछन्, न आगो नै निभ्दछ।] ४७ यदि तिम्रो आँखाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई झिकेर फालिदेऊ। दुई आँखा भएर नरकमा फालिनुभन्दा त एक आँखा भएर परमेश्‍वरको राज्यमा पस्नु तिम्रो निम्ति असल हो। ४८ नरकमा त न कीरा मर्दछन्, न आगो नै निभ्दछ।" मर्कूस ९:४२-४८, "अनि तिनीहरूले निस्केर मेरो विरुद्धमा बागी हुने मानिसहरूका मृत शरीरलाई हेर्नेछन्। तिनीहरूको कीरा मर्नेछैन, तिनीहरूको आगो निभ्‍नेछैन, र तिनीहरू सबै मानिस-जातिका निम्ति घृणित हुनेछन्।" यशैया ६६:२४।

कुनै कुनैले मर्कूस ९:४८मा उल्लेख गरिएको एक वचन नाम "किरा" भन्नुको अर्थ मानिस मरेपछि निस्किने आत्मा वा हंश हो र दुष्टको त्यो आत्मा उडेर नर्कमा जान्छ जहाँ त्यो दुष्ट मानिस कहिल्यै मर्दैन बरु अनन्तको यातना भोगरिरहन्छ।

तर खास गरेर मानिस मरेपछि अचेत हुनेछ भनेर बाइबलले सिकाएको शिक्षासँग त्यो व्याख्या मिल्दैन। यस अंशले पुरानो करारको पृष्टभूमिलाई पनि वेवास्ता गर्दछ। यथार्थमा "एक वचन 'किरा' भन्दा प्रायजसो 'किराहरू' भन्ने अर्थ लगाउँछ, एउटामात्र किरा होइन। सडिएको लासमा किराले खाने भनेर त्यसले सम्बोधन गर्दछ।"-रोबर्ट जी. ब्राचलर र युजिन अ. निडा, *अ*

*ट्रान्सेलटरस् हान्डबुक अन गस्पल अभ मार्क,* लन्डनः युनाइटेड बाइबल, १९६१, पृ. ३०४बाट रूपान्तरित।

मर्कूस ९:४८मा येशूले यशैया ६६:२४लाई उद्धृत गर्नुभएको थियो, जसमा लेखिएको छ, “अनि तिनीहरूले निस्केर मेरो विरुद्धमा बागी हुने मानिसहरूका मृत शरीरलाई हेर्नेछन्। तिनीहरूको कीरा मर्नेछैन, तिनीहरूको आगो निभ्नेछैन, र तिनीहरू सबै मानिस-जातिका निम्ति घृणित हुनेछन्।”

यो दृश्य भयानक डरलाग्डो रूपक वा प्रतिक हो। परमेश्वरको शत्रुहरू युद्ध मैदानमा परिरहेको र तिनीहरू कसरी नाश हुन्छन् भनेर त्यस काल्पनिक दृश्यले चित्रण गर्दछन्। जुन शरीर आगोले जल्दैन तब त्यसलाई किराहरूले खाइदिन्छन् वा पहिला किराहरूले खाइ दिन्छन् अनि आगोले जलाइ दिन्छन्। तर जेभएतापनि मानिस मरेपछि नाशभएको शरीरबाट न त अलग हुनसक्छ न त नर्कमा जान्छ भनेर ती अंशहरूमा उल्लेख गरिएको छैन।

तर कहिल्यै नमर्ने "किराहरू"को बारेमा के भन्ने। यशैयाबाट प्रतिकको रूपमा लिएको भाषाले किराहरू अमर छन् भनेको छैन। के किराहरू पनि अमर छन् त? के भन्न खोजिएको छ भने जबसम्म शरीरलाई पूरै बिनाश गर्दैन तब सम्म ती किराहरू त्यसलाई छोड्दैन। तर त्यसको बिपरित परमेश्वरका विश्वासी सन्तान "नयाँ स्वर्ग र नयाँ पृथ्वीमा" रमाएर बस्छन् र परमेश्वरको उपस्थितको सामु तिनीहरूले आराधना गर्नेछन् (यशैया ६६:२२,२३)। मानिसको भविष्य यसरी बिपरित हुने भएकोले बरू हात, खुट्टा र आँखै नभइकन परमेश्वरको राज्यमा जानु असल हुन्छ भनेर येशूले भन्न खोज्नुभएको थियो। सम्पूर्ण शरीरलाई किराहरू र आगोबाट नाश गर्न दिनुभन्दा त्यो नै असल हुन्छ (मर्कूस ९:४२४८)।

**अन्तमा आएर हामी कि त पूरै अनन्त जीवन पाउँछौं कि त पूरै नाश हुन्छौं। त्यहाँ मध्यम मार्ग छैन। कि त हामीले अनन्त जीवन पाउँछौं वा अनन्त बिनाश। आजै तपाईंले के निर्णय गर्नुभएको छ? अनन्तको बिनाश वा अनन्त जीवनको वास्तविकाताले तपाईंको जीवनलाई कसरी प्रभाव पार्नुपर्दछ?**

## २. नर्कको आगो

बिलायतको रोमन रोमन क्याथोलिक पादरी जोन फर्निसले (१८०९-१८६५) बालबालिकाहरूको निम्ति एउटा सानो पुस्तिका निकालेका थिए। त्यसको शिर्षक थियो, *साइट अभ हेल* अर्थात् नर्को दृश्य (डब्लिनः जेम्स,

१८७४) पृ. २४)। अनन्तको यातना भनेको भनेको एउटा ठुलो फलामको बल हो रे, त्यो पनि आकाश र पृथ्वीभन्दा बिशाल छ रे। करौडौं वर्षको एक फेरा एउटा चरा आउँछ रे। त्यो चराको पखेटाले त्यस बललाई छुन्छमात्रै रे। बराबर त्यस चराले त्यस बललाई छोएर त्यसलाई खियाएतापनि नर्कमा भइरहेको अनन्तको यातनाले निरन्तरता जारी हुन्छ भनेर त्यस लेखकले तर्क गर्दछन्।

दुःख लाग्दो कुरो त यही हो कि धेरै प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूले त्यस खालको शिक्षालाई आज पनि अङ्गालिरहेका छन्।

**मलाकी ४:१ र यहूदा ७ पढ्नुहोस्। येशूले व्यक्त गर्नुभएको अनन्तको आगोको बारेमा ती अंशहरूले हामीलाई कसरी बुझाउँछन्? मुक्ति नपाएकाहरू अनन्तको आगोमा (मत्ती १८:८) वा कहिल्यै ननिभ्ने आगो (मर्कूस ९:४३) पर्नेछन् भन्ने धारणलाई ती पदहरूले कसरी व्याख्या गर्दछन्? हेर्नुहोस्, "हेर, त्यो दिन आउँदैछ। त्यो भट्टीझैं दन्कनेछ। सबै हठी र सबै दुष्ट काम गर्नेहरू ठुटाझैं हुनेछन्, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भस्म गर्नेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन।" मलाकी ४:१ र "जसरी सदोम र गमोरा र तिनका आसपासका सहरहरू, जुनहरू व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए, तिनीहरू अनन्त अग्निको दण्ड भोगेर उदाहरण बनेका छन्।" यहूदा ७।**

"अनन्त" भन्ने हिब्रू भाषामा olam ओलाम र ग्रीक भाषामा aion एइयोन, aionios एइयोनियोस हो। यसको अर्थ कुन सन्दर्भमा भनिएको हो त्यस अनुसार हुन्छ। उदाहरणमा जब यो शब्द परमेश्वरको बारेमा भन्छ भने त्यसको अर्थ उहाँको अनन्ततालाई बुझाउँछ (व्यवस्था ३३:२७)। जब त्यही शब्द मानिससँग सम्बधित छ भने (प्रस्थान २१:६ सधैँभरि) मानिसको जीवन आयुमा सीमित भएको हुन्छ। मत्ती १८:८, २५:४१मा लेखिएको अनन्तको आगो भन्दा आगोले जलाउने काम पूरै फत्तै नहुञ्जेल त्यो आगो निभ्दैन भनेर बुझाउँछ। त्यसको अर्थ अनन्तको आगो अनन्त हुन्छ जबसम्म यसले दुष्टहरूलाई पूरै सखाप पार्दैन। यसले कुनै जरा र हाँगा पनि बाँकि राख्दैन (मलाकी ४:१)।

दुष्टहरूले अनन्तसम्म दण्ड पाउँछन् भन्ने धारणा अत्यन्तै गम्भिर छ। यदि दुष्टहरू नर्कमा सधैं दण्ड भोगिरहन्छन् भने खराब तत्वको उन्मुलन कहिल्यै पनि हुनेछैन भनेर सिकाउँदछ। फेरि सबै मानिसको जीवन

परमेश्वरबाट आएको हो (व्यवस्था ३२:३९, भजन ३६:९)। कोही दुष्ट पनि नाश हुँदा परमेश्वरलाई रमाइलो हुँदैन (इजकिएल ३३:११)। तब उहाँले दुष्टलाई किन जीवन दिइरहनुहुन्छ ताकि तिनीहरू अनन्तसम्म यातना पाइरन्छन्? तिनीहरूको अस्तित्व सदाको निम्ति अन्त हुनु के मनाशिव छैन र? यदि दुष्टहरू तिनीहरूको काम अनुसार दण्ड भोग्छन भने (प्रकाश २०:१२), किन मानव जीवनमा छोटो समय पाउनेले अनन्तसम्म दण्ड भोगिरहुनपर्ने के औचित्य छ? के यो अन्याय भएन र?

अनन्तको आगो भनेर बाइबलले सम्बोधन गरेका सबै पदहरूलाई प्रकाश २०मा उल्लेख गरेको हजार वर्षपछि हुने आगोले भष्म हुनेसँग जोड्नुपर्दछ (यस बारे अध्याय १३मा हामी हेर्नेछौं)। त्यसकारण रोमन क्याथोलिक, प्रायजसो प्रोटेस्टेन्ट इसाईहरू र कतिपय धर्महरूले सिकाएको बर्तमान जलिरहेको वा भविष्यमा जलिरहने नर्कको अस्तित्व बाइबलसम्मत छैन।

**नर्कको आगोको बारेमा कतिपय इसाई समेत र अरू धर्महरूले दुर्भाग्यवस सिकाउने धारणा भएतापनि त्यसले परमेश्वरको प्रेमलाई कसरी प्रकट गर्दछ? दुष्टहरू सधैं यातनामा परिरहन जीवन पाउनेछन् भन्ने धारणा परमेश्वरको प्रेमको बिपरित किन छ?**

## ३. सन्तहरू आध्यात्मिक शुद्धिकरण गर्ने ठाउँ वा पिशाच क्षेत्रमा

मरेकाहरू जो नर्कमाचाहिँ जानुनपर्ने तर स्वर्गमा जान तयार नहुनेहरू परगेटोरी वा पिशाच क्षेत्रमा वा नर्क र स्वर्गको बीचमा रहेको ठाउँमा रहेर तिनीहरूले पापलाई शुद्ध गर्ने मौका मिल्छन् र पछि स्वर्गमा जान्छन् भन्ने धारणा रोमन क्याथोलिक चर्चले सिकाउँदछन् (हिन्दु धर्ममा पनि यही सिकाउँछन्, त्यसकारण मरेकाहरूको निम्ति बराबर सराद्दे गर्दछन्-अनुवादक)। तिनीहरूका प्रियहरूको प्रार्थना र आफूहरूले आफूहरूलाई नै गरिने प्रायश्चितको कठोर सजायँ जस्तै आफूले आफूलाई पिट्ने, तिर्थयात्रा गर्ने जस्ता कामहरू गरेर पिशाच क्षेत्र वा परगेटोरीमा रहेका तिनीहरूको दुःख घट्न सक्छ भनेर रोमन क्याथोलिक चर्चले सिकाउँदछ।

क्याथोलिक चर्चको धार्मिक शिक्षाको शास्त्र *क्याटकिजम अभ द क्याथोलिक चर्च* परगेटोरीको बारेमा आफ्नो स्पष्ट धारणा यसरी लेखिएको छः "सबै जना जो परमेश्वरको अनुग्रह र उहाँसँगको मित्रतामा रहेर मर्छन्,

तिनीहरू अझै पूरा शुद्ध वा चोखो भएका हुँदैनन्। तर तिनीहरूलाई अनन्तको मुक्तिको बारेमा आश्वासन दिइएको छ। तर तिनीहरू मरेपछि शुद्धिकरणको प्रक्रियामा जान्छन्। स्वर्गको आनन्दमा पस्न तिनीहरू पवित्रको तहमा हुन आवश्यक छ।" न्यु योर्कः डुबलडे, १९९५, पृ. २९१बाट रूपान्तरित। तिनीहरूको दुःख तिनीहरूका प्रियजनहरूको प्रार्थना र अरू कार्यहरूद्वारा घटाउन सकिन्छ भनेर पनि त्यसम लेखिएको छ। त्यसमा दानदक्षिणा, तिनीहरूको निम्ति चर्चलाई पैसा दिएर र आफूहरू शारीरिक कष्ट भोग्न सकिन्छ पनि त्यस पुस्तकमा लेखिएको छ (पृ. २९१)।

**तर देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले रोमन क्याथोलिक वा अन्य धर्महरूले सिकाएको परेगटोरी, पिशाच क्षेत्र वा स्वर्ग र नर्कको बिचमा मानिसहरू शुद्ध नहुञ्जेल घुमिरहन्छन् भन्ने शिक्षालाई कसरी सरासर किन अस्वीकार गर्दछ? हेर्नुहोस्, "तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा, जहाँ तिमी जान्छौ, त्यहाँ न त केही गर्ने, न योजना गर्ने, न ज्ञान, न बुद्धि नै हुन्छ।" उपदेशक ९:१०, "२० त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ। छोराले बाबुको दोषको फल भोग्नेछैन, न त बाबुले छोराको दोषको फल भोग्नेछ। धर्मीले आफ्नो धार्मिकताको फल र दुष्टले आफ्नो दुष्ट्याइँको फल पाउनेछ। २१ "तर यदि कुनै दुष्ट मानिसले आफूले गरेका सबै पापहरू त्यागेर मेरा विधिहरू पालन गर्‍यो, र न्यायसङ्गत र ठीक काम गर्‍यो भने, त्यो निश्चय नै बाँच्नेछ। त्यो मर्नेछैन। २२ त्यसले गरेको कुनै पनि अपराध त्यसको विरुद्धमा फेरि सम्झना हुनेछैन। त्यसले गरेको धर्मको कारण त्यो बाँच्नेछ।" इजकिएल १८:२०-२२ र "२७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२७-२८।**

रोमन क्याथोलिक चर्चको इसाई शिक्षामा घुसेको मानिस मरेपछि जाने पर्गेटोरी वा शुद्ध गर्ने क्षेत्र अन्य धर्मबाट घुसेको हो जसमा मरेकाहरूको निम्ति प्रार्थना, सराद्दे आदि विभिन्न संस्कार र विधिहरू पालन गर्छन्। बाइबल र बाइबलमात्रै विश्वास गर्नेहरूको निम्ति यो धार्मिक शिक्षा अमान्य छ किनकि (१) मरेकाहरू चिहानमा अचेत अवस्थामै रहन्छन् (उपदेशक ९:१०)(२) पतित मानिसको धर्मकर्मको अर्को पतित मानिसलाई सार्न सकिँदैन वा मुक्ति

दिन सक्दैन (इजकिएल १८:२०-२२), (३) पापी मानिस र स्वर्गको बीचमा केवल एउटैमात्र सहजकर्ता हुनुहुन्छ त्यो हो येशू ख्रीष्ट (१ तिमोथी २:५) र (४) मृत्युपछि अन्तिम न्याय। यस जीवनमा जे गर्‍यो गर्‍यो अर्को जीवनमा मुक्ति पाउने दोस्रो अवसर पाउँदैन (हिब्रू ९:२७)।

यस पर्गेटेरी धारणा किन बाइबलको खिलाफमा छ भने यसले परमेश्वरको आफ्नै चरित्र तथा स्वभावमा हिलो फ्याँक्दछ। "आफू पतन भएपछि स्वर्गको परमेश्वर पितालाई गलत चित्रण गर्न सैतान हरदम प्रयास गरिरहेको छ। मानिस अमर छ र उसको आत्मा कहिल्यै मर्दैन भन्ने धार्मिक शिक्षा उसैको हो। नर्कको अनन्तको आगो छ भन्ने शिक्षालाई सुरु गर्ने पनि सैतान नै हो। परगेटोरी वा मरेपछि शुद्धिकरण गर्ने नर्क र स्वर्गको बीचमा स्थान छ भन्ने शिक्षा उसकै आविश्कार हो। ती शिक्षादीक्षाले परमेश्वरको चरित्रलाई झुटो बनाउँछ। उहाँ कठोर, प्रतिशोधक, निरङ्कुस, सदाशयी हुनुभएको वा क्षमा नदिने परमेश्वर हुनुहुन्छ भन्ने ती खालका शिक्षाहरूले सिकाउँदछ।"-एलेन जी ह्वाइट, *मान्यस्क्रिप्ट रिलिज ५१* (डिसेम्बर १०, १८९०बाट रूपान्तरित। मरेकाहरू सुतिरहेकाछन् र येशूको आगमनको निम्ति पर्खिरहेका छन् भन्ने धारणाको बिपरित परगेटोरी धारणाले मरेकाहरू कष्ट पाइरहेका हुन्छन् जबसम्म पापीाबा मानिसले नै विभिन्न धर्मकर्मद्वारा तिनीहरूलाई त्यस ठाउँबाट छुटाउँदैन।

**परगेटोरी वा अनन्तको आगोमा यातना भोग्ने जस्तो गलत शिक्षा दिक्षालाई प्रतिवाद गर्न बाइबल र बाइबलको शिक्षादिक्षामात्र जान्नु किन जरुरी छ?**

## ४. शरीर बिनाका आत्मा वा हंसहरूमात्र भएको स्वर्ग

प्रोटस्टेन्ट इसाईहरूले परगेटोरीलाई स्वीकार नगरेतापनि मरेका धर्मी मानिसहरू परमेश्वरको साथमा छन् भनेर तिनीहरूले विश्वास गर्दछन्। कतिपयले त ती मानिसहरू केवल शरीरबिनाका आत्मा वा हंसहरू हुन् भनेर विश्वास गर्छन्। अरूहरूले तिनीहरूमा शारीरिक शरीर त हुँदैन तर महिमित आत्मिक शरीरले छोपेका देहबिनाका आत्माहरू हुन् भनेर विश्वास गर्छन्।

मरेकाहरू जीवित छन् भनेर जुनसुकै प्रतिकलाई अघि सारेतापनि ती शिक्षाहरूले मरेकाहरूको पुनरुत्थान हुनेछ र अन्तिम न्याय हुनेछ भन्ने

बाइबलको शिक्षासँग बाझ्दछ। धर्मीहरू स्वर्गमा अहिले नै रमाइरहेछन् भने पुनरुत्थान र न्यायको (प्रकाश २०:१२-१४)को औचित्य के छ र?

**मरेकाहरूको अवस्था र तिनीहरू पुनरुत्थानको निम्ति पर्खिरहेका छन् भनेर देहायका पदहरूले कसरी सिकाउँदछन्? "२९ "भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ।.. ३४ किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।' प्रेरित २:२९,३४-३५ र "१६ किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता खीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। १७ खीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त खीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्।" १ कोरन्थी १५:१६-१८।**

अहिले नै स्वर्गमा भएका मानव प्राणीहरू कि त जीवित अवस्थामा नै स्वर्गमा लगेका थिए जस्तै हनोक (उत्पत्ति ५:२४) र एलियाको मामिलामा (२ राजा २:९-११) वा मरेर जीवित भएका मोशा जस्तै (यहूदा ९) र जो येशूसँग पुनरुत्थान भएका थिए (मत्ती २७:५१-५३)।

हामीले हेऱ्यौं कि बेदीमुनिका आत्माहरू बदलाको निम्ति परमेश्वरसँग कराइरहेका (प्रकाश ६:९-११) केवल न्यायको निम्ति कराएको प्रतिक मात्र हो र यसले मानिस मरेपछि स्वर्ग जान्छ भन्ने शिक्षालाई अनुमोदन गर्दैन। नभएदेखि तिनीहरू स्वर्गमा रमाइरहेका छन् भन्ने आभास् दिँदैन। वास्तविकरूपमा भन्ने हो भने चिहाननै मरेकाहरूको निम्ति विश्राम लिने ठाउँ हो। तिनीहरू अचेत अवस्थामा अन्तिम पुनरुत्थानको निम्ति पर्खिरहेका छन। त्यसबेला तिनीहरूको सचेत अवस्थालाई पुनर्स्थापित गर्नेछ। मरेका धर्मीहरू नै किन नहुन् तिनीहरू देहबिना स्वर्ग वा कतैतिर घुमिरहेका छन् र आफ्नो शरीरसँग मिल्न धैर्यतासाथ पर्खिरहेकाछन् भन्ने जस्ता भ्रामिक शिक्षातिर हामी लाग्नुहुँदैन।

१ कोरन्थी १५:१८मा यदि मरेकाहरूको पुनरुत्थान हुँदैनन् भने येशूमा सुतेकाहरू नाश हुनेछन् भनेर पावलले भन्दछन्। यदि तिनीहरू स्वर्गमा अहिले नै छ तिनीहरू जति लामो समयदेखि मरेको भएतापनि तिनीहरू कसरी नाश हुन्छन् त? कतिपय इसाई लोकप्रिय प्रचारक, पास्टर, बाइबलका

विद्वानहरूले यदि धर्मी मानिस मर्ने बित्तिक्कै स्वर्गमा जान्छ र तिनीहरूले अनन्तको इनाम पाइसकेका हुन्छन् भनेर सिकाउने गलत शिक्षाले येशूको आगमनमा मरेकाहरूको पुनरुत्थान हुनेछन् भन्ने नयाँ करार को शिक्षाको केन्द्रविन्दुलाई लत्याइ दिन्छन् र वेकारको बनाउँछन्। त्यो पनि धुरन्धर इसाईहरूले नै। कतिपय अन्त्येष्टिको समयमा गैर एडभेन्टिस्ट पास्टर, प्रचारक र बाइबलका मैहुँ भन्ने विद्वानहरूले त्यही सिकाएका हामीमध्ये कसले सुनेका छैनन् होला?

**मरेकाहरू सुतिरहेका छन् भन्ने सन्देश असल समाचार हो भनेर अरूहरूलाई कसरी बुझाउने? तिनीहरू अहिले तिनीहरूको दुःख, कष्ट र पीडाबाट विश्राम पाइरहेकाछन् भन्ने शिक्षा के सान्त्वनादायक छैन र?**

## ५. यथार्थमा बाइबलको दृष्टिकोण

**अनन्त जीवन केवल येशूमा रहनेलेमात्र प्राप्त गर्नेछन् भने यूहन्नाले किन सीमित गराउँछन्? हेर्नुहोस्, "१ येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक परमेश्वरको बालक हो। जसले बाबुलाई प्रेम गर्छ उसले तिनको छोरालाई पनि प्रेम गर्छ। २ जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं। ३ परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्। ४ किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो। ५ संसारमाथि विजय प्राप्त गर्ने को हो? त्यही हो, जसले येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी विश्वास गर्छ। ६ उहाँ उही नै हुनुहुन्छ, जो पानी र रगतद्वारा आउनुभयो, अर्थात् येशू ख्रीष्ट, जो पानीद्वारा मात्र होइन, तर पानी र रगतद्वारा आउनुभयो। ७ गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ। ८ किनभने गवाही दिनेहरू तीन छन्, अर्थात् पवित्र आत्मा, पानी र रगत, र सबै कुरामा यी सहमत हुन्छन्। ९ यदि हामी मानिसको गवाही ग्रहण गर्छौं भने परमेश्वरको गवाही झन् उच्च छ। किनकि यही नै परमेश्वरको गवाही हो, जुन गवाही उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ। १० जसले परमेश्वरका पुत्रमा विश्वास गर्छ, त्यसको हृदयमा यस कुराको गवाही हुन्छ। परमेश्वरमा विश्वास नगर्नेले उहाँलाई झूटा तुल्याएको हुन्छ। किनकि परमेश्वरले आफ्ना पुत्रको विषयमा दिनुभएको**

**गवाहीमा त्यसले विश्वास गरेको हुँदैन। ११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।" १ यूहन्ना ५:१-१२।**

कुन सर्तमा मानिस अमर हुन्छ भनेर बाइबलले औँल्याएको शिक्षा र बाइबलभन्दा बाहिरको आत्मा अमर छ भन्ने शिक्षा कतिको फरक छ भनेर स्पष्टसँग १ यूहन्ना ५:११:१२मा उल्लेख गरिएको छ। यी पदहरूको कतिको अर्थपूर्ण छ भनेर बुझ्न हामीले यो सम्झिनुपर्दछ कि अमरत्व केवल त्रीएक परमेश्वरमा छ (१ तिमोथी ६:१५,१६) र त्रीएक परमेश्वरमात्र जीवनको स्रोत हुनुहुन्छ (भजन ३६:९, कलस्सी १:१५-१७, हिब्रू १:२)।

जब आदम र हव्वाको पतनबाट यस संसारमा पापको प्रवेश भयो (उत्पत्ति ३), तब तिनीहरू र तिनीहरूका सबै सन्तान (जुन हामी पनि पर्छौं), भौतिकरूपमा मृत्युको श्रापको मुनि रहन पुगियो र अनन्त जीवनको उपहार पनि गुमाइयो। तर प्रिय परमेश्वरले अनन्त जीवन फेरि पाउन मुक्तिको योजनालाई कार्यान्वयन गर्नुभयो। त्यो जीवन पाप आउनुभन्दा अघि नै सुरुमा थियो। पावलले यसरी व्यक्त गर्दछन्, "४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।" एफिसी १:४-६।

जसरी एक जना मानिसबाट यस संसारमा पाप आयो र त्यस पापबाट मृत्यु आयो, त्यसरी नैएक जना मानिस येशू ख्रीष्टद्वारा अनन्त जीवनको अनुग्रहको बरदान सबै मानव प्राणीलाई उपलब्ध गराइएको छ भनेर पावलले रोमी ५:१२-२१मा उल्लेख गरेका छन्। यस संसारमा पाप र मृत्यु ल्याउने आदम हो भनेर पावलले औँल्याउन खोजिएका छन्। यदि आदम अझरस वा वास्तविक व्यक्ति हुनुहुन्छ भनेर हामीले विश्वास गरेनौं भने उनले परमेश्वरको आदेश नमानेर हाम्रो संसारमा पाप र मूत्यु ल्याए भन्ने कुराको केही अर्थ हुँदैन।

त्यसकारण यूहन्नाले यो ठोकुवा गरेर भन्छन्, "परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ,

त्यससँग जीवन छ, जससँग परमेश्‍वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन।" १ यूहन्ना ५:११-१२।

येशूले भन्नुभएको वचनद्वारा हामीले स्पष्टसँग यो चित्रण पाउँछौं, "किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्‍वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" यूहन्ना ६:४० र "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्‍वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ।" यूहन्ना ११:२५।

यसको अर्थ यो हो कि अनन्त जीवन परमेश्‍वरको उपहार हो जुन ख्रीष्टबाटमात्रै पाइन्छ। अहिले उहाँमा त्यो जीवन सुरक्षित भएतापनि धर्मीहरूको अन्तिम पुनरुत्थानमामात्रै त्यसको रमाइलोसँग उपभोग गर्न सक्छौं। यसको निश्कर्ष सरल छः यदि अनन्त जीवन केवल तिनीहरूलाईमात्र उपलब्ध गराइएको छ जो ख्रीष्टमा छन्, तब उहाँमा नहुने मानिसहरूले अनन्त जीवन पाउँदैनन् (१ यूहन्ना ५:११,१२)। त्यसको विपरित मानिस स्वभावैले अमर छ भन्ने शिक्षाले चाहे स्वर्गमा होस् चाहे नर्कमा होस् सारा मानिसहरूले स्वत अमर जीवन पाउँछ भनेर सिकाउँदछ। येशूमा नरहनेहरूले पनि नर्कमा नै किन नहोस् तिनीहरूले अनन्त जीवन पाउँछन् भनेर ती गलत शिक्षा सिकाउने इसाईहरूको धारणा छ। जतिसुकै लोकप्रिय भएतापनि र जुनसुकै बाइबलका धुरन्धर विद्धान, पास्टर वा प्रचारकहरूले सिकाएतापनि त्यो धारणा बाइबलसम्मत छैन।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट, *द ग्रेट कन्ट्रोभर्सी* पृ. ५३१-५५०को 'द फर्स्ट ग्रेट डिसेप्सन" र पृ. ५५१-६२को "क्यान डेड स्पिक टु अस?"**

"मानिस स्वभावैले अमर छ भन्ने मौलिक गलत धारणाले मानिस मरेपछि सचेत रहन्छ भनेर सिकाउँदछ। यो नर्कमा अनन्तसम्म यातना दिने शिक्षा जस्तै मानिस अमर छ भन्ने शिक्षा हाम्रो विवेक र मानवताका भावनाहरूको विरुद्धमा छ। लोकप्रिय शिक्षा वा विश्‍वासको अनुसार मुक्ति पाएकाहरू स्वर्गमा छन् र यस पृथ्वीमा भएका गतिविधि र विशेष गरेर तिनीहरूले छोडेका प्रियजनहरूलाई के भइरहेको छ सो तिनीहरूलाई थाहा हुन्छ। तर आफ्ना प्रियजनहरू यस संसारमा दुःखकष्ट पाइरहेकाछन्, तिनीहरूले शोक, निराश र जीवनको पीडा भोगिरहेका छन् र पापमा संघर्ष

गरिरहेकाछन् भनेर ती मरेकाहरू स्वर्गमा छन् भने तिनीहरूमा कसरी खुशीको स्रोत हुनसक्छ र? यस पृथ्वीमा तिनीहरूका मित्रहरू भौंतारिएका देख्नेहरूले कतिको स्वर्गको आनन्द भोगिरहन सक्छन् होला? यो कतिको विरोधाभास र खराब धारणा हो कि दुष्ट मानिस मर्ने वित्तिक्कै नरकको आगोमा ऊ भतिभति जलिरहेको हुन्छ। अनन्त जीवनलाई नरोज्ने वा तयारी नहुनेहरू त्यसरी नरकमा अनन्तको पीडामा छ भने तिनीहरूका मित्र वा प्रियजनहरूलाई कस्तो वेदना होला!" एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५४५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **कतिपय इसाईहरूले मानिस मरेपछि कि त स्वर्ग कि नर्कमा जान्छ भन्ने धारणलाई विश्वास गर्छन् र त्यसो होइन भनेर बुझाउन खोज्दा त्यसको बिरोध गर्छन्। यस्तो धारणामा तिनीहरू किन अडिग हुन्छन् होला? मरेका प्रियजनहरू स्वर्गमा छन् भनेर विश्वास गर्नु रमाइलोनै भएतापनि यस संसारमा तिनीहरूले देख्ने गतिविधिहरूले गर्दा के तिनीहरू खुशी नै भइरहला भन्ने कुरालाई इसाई वा अरू धर्मका मानिसहरूलाई सम्झाउनु पर्दछ। फेरि मुक्ति नपाएकाहरू नर्कमा भतभती पोलिएर यातना पाइरहेका छन् भन्ने भयाभव धारणालाई विश्वास गर्ने ती इसाई र अन्य धर्मका मानिसहरू किन अडिग भइरहेका होलान्? परम्परा, संस्कार र संस्कृति कतिको शक्तिशाली रहेछ भनेर त्यसले हामीलाई कसरी सिकाउँदछ?**

आ. **प्रायजसो सबै इसाई सम्प्रदाय र कतिपय धर्महरूले मानिस अमर छ र बाइबलसँग नमिल्ने अरू शिक्षाहरू सिकाइरहेकाछन्। तर हामी एडभेन्टिस्ट भएको हैशियतले अरूहरूलाई बाइबलले सिकाएको मृत्यु र त्यसपछिको जीवनको बारेमा सिकाउनु किन जरुरि ठान्नुपर्दछ?**

इ. **इटालीका डान्टेले लेखेका काव्य *द डिभाइन कमेडी* काल्पनिक दन्त्यकथा भएतापनि यसले इसाई जगतमा नै मानिस मरेपछि उसको आत्मा के हुन्छ भनेर देखाएको विवरणले जरो गाडेको छ। इसाई धार्मिक शिक्षामा बाहिरका अरू शिक्षा, धर्म र आस्था सजिलैसँग कसरी घुस्न सक्दो रहेछ भनेर उक्त कुराले हामीलाई कसरी सिकाउँछ? आज पनि इसाई जगतमा बाइबलभन्दा बाहिरका के संस्कार, परम्परा, शिक्षा र विश्वासहरूले प्रभाव पारिरहेकाछन् र यिनीहरूबाट हामी किन जोगिने?**

## कथा १०
## म यहाँ छु! मलाई पठाउनुहोस् एसियता।
## सामोवा



एसियता तीन जना हुर्केका छोराछोरीहरूका बाबु हुन्। उनका तीन जना नातीनातिनाहरू छन्। उनी साउथ पासिफिक राष्ट्रको सामोआको राजधानी अपियामा आड्रा अफिसमा कामको निम्ति अन्तवार्ता दिन गएका थिए। तर उनलाई आड्राको पूरा नाउँ थाहा थिएन। उनको काम थिएन र आफ्नो परिवारलाई धान्न उनलाई कामको अत्यन्तै खाँचो थियो।

अन्तरवार्ताको समयमा त्यस देशको आड्रा निर्देशकले त्यसको अर्थ एसियतालाई बुझाइन्ः एडभेन्टिस्ट डिभल्पमेन्ट एण्ड रिलिफ एजेन्सी। आड्राले त्यस देशमा आउने चक्र आँधी र अरू प्राकृतिक प्रकोपहरूको सामना गर्न मानिसहरूलाई तयार पार्न सहयोग गर्ने व्यक्तिको खाँचो भएको उनले बताइन्।

आफ्ना परिवार र छिमेकीहरूले चक्र आँधीहरूको सामना गर्न तयार पार्ने कार्य योजनाको बारेमा एसियतालाई मन पऱ्यो। हरेक केही वर्षमा सामोआमा भयानक चक्र आँधी आएर घरहरू ध्वस्त पार्ने, बाटोहरू पानीले बगाइ दिने, बिजुलीका खम्बाहरू ढालिदिने र मानिसहरूका जीवनलाई जोखिममा पार्ने गर्दछ। स्थानीय समाजमा समन्वयकर्ताको काम गर्न एसियता योग्य थिए। एसियता अस्ट्रेलियाबाट सामोआमा भर्खर फर्केका थिए। स्थानीय सामाजिक काममा संलघ्न हुन उनी निपुण थिए। उनको परिवारले गाउँमा आफ्नो चर्च स्थापना गरेका थिए र उनको धार्मिक सम्प्रदायको बोर्डमा उनी पद पाएका थिए।

### एसियताले आड्रामा काम पाए।

जब आड्रा निर्देशकले उनलाई काम सुर गर्ने दिनमा उनी दोधारमा परे। उनको चर्चमा प्रचारक बन्न परीक्षा दिनुपर्ने दिनमै उनलाई काम गर्न बोलाइएको थियो। उनले काम गर्न असाध्य मन पराएका थिए र उनलाई पैसाको खाँचो थियो। तर उनले परीक्षा पनि लिन चाहेका थिए। उनले परमेश्वरलाई प्रेम गर्दथे। आफ्नो समस्या एशियाताले आड्रा निर्देशकलाई

बताए। "ठिकै छ। आफ्नो परीक्षा दिनुहोस्। तपाईंले अर्को सोमबारदेखि काम गर्न थाल्न सक्नुहुन्छ," निर्देशकले बताइन्।

एसियताले ठूलो राहत भएको महसुस गरे। आड्रा निर्देशकको लचकता र उनको आस्थामा आदर गरेकोले आड्रा निर्देशकप्रति उनी आभारित भए। उनले प्रचार गर्ने परीक्षामा पास भए र सोमबारदेखि नयाँकाम पनि सुरु गरे।

धेरै महिनापछि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले सामोआमा विशेष सुसमाचार प्रचारको कार्यक्रम गर्ने खबर उनले पाए। अस्ट्रेलियाको एक जना सुसमाचार प्रचारक सामोआको ठूलो सभागृहमा सम्बोधन गर्न आउँदै थिए। त्यो सभा टेलिभिजनबाट सामोआभरि तत्कालै प्रसारण गर्ने भएको थियो। सभागृहमा हुने मूख्य सभाहरूमा सहभागी हुन एसियताले निम्तो पाएका थिए। उनले आफ्नी श्रीमती, दुई ठूला छोराछोरीहरू, बुहारी र गाउँको अरू मानिसहरूलाई पनि त्यस भेलामा बोलाए। उनी मञ्चको अगाडि नै दुई हप्तासम्म प्रत्येक रात आएका थिए। कसैले येशूलाई विश्वास गर्न चाहनुहुन्छ कि भनेर प्रचारकले सम्बोधन गर्दा एसियता पनि उठे। कसैले बप्तिस्मा लिन चाहन्छ भने उठ्नुहोस् भनेर आग्रह गर्दा एसियता पनि उठे। एसियाता, उनकी श्रीमती, दुई छोराछोरीहरू र बुहारीले अन्तिम साबथको भेलामा बप्तिस्मा लिए।

तीन वर्षपछि सामोआमा अर्को दुई हप्ते सुसमाचारीय कार्यक्रमको आयोजना गरेको थियो। त्यसको वक्ता सामोआ एडभेन्टिस्ट चर्चका अध्यक्ष थिए। प्रत्येक सुसमाचार कार्यक्रम सुरु गर्नुभन्दा अघि उक्त अध्यक्षले स्वास्थ सम्बन्धी जानकारी दिन एसियतालाई आग्रह गरे। स्वस्थ जीवनशैलीको प्रस्तुतीमा विभिन्न विषयहरूबाहेक मधुमेह कसरी रोक्न सकिन्छ भन्ने विषय पनि एक थियो। सामोआका धेरै मानिसहरूमा मधुमेह भएकोले कतिपयले आफ्ना खुट्टाका औँलाहरू काट्नु पर्दथ्यो।

एसियताले आफ्ना छिमेकीहरूलाई सुसमचार कार्यक्रममा सरिक हुन आग्रह गरे। हरेक दिन कामपछि, दुई हप्ता बेलुकाहरूमा उनले आफ्ना छिमेकीहरूलाई आफ्नो भानमा त्यस कार्यक्रममा लगे। तिनीहरूमा छ जनाले बप्तिस्मा लिए।

सन २०२१मा एडभेन्टिस्ट चर्चले अर्को सुसमाचारीय कार्यक्रम आयोजना गरेको थियो। त्यसमा पनि आफ्ना छिमेकीहरूलाई एसियताले निम्तो दिए। तिनीहरूमा दुई जनाले बप्तिस्मा लिएका थिए।

एसियता अत्यन्तै खुशी थिए। "परमेश्वरले मलाई आड्रामा काम गर्न अगुवाइ गर्ला भनेर मलाई विश्वासै थिएन। परमेश्वरले मलाई यो काम दिनुभयो र मेरो आत्मिक जीवन बढाउन पनि नयाँ आयाम थपिदिनुभएको थियो," आनन्दित हुँदै एसियताले यस लेखकलाई सुनाए।

एसियतालाई यशैया ६:८ खुबै मन पर्छ, "मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई पठाउनुहोस्!"

-आन्द्र्यु मेकचेस्नी